# क्षेत्रीय मिडिया सम्मेलन २०६८
# सर्लाही घोषणापत्र

२०६८ माघ २० गते सर्लाहीको मलंगवामा सूचना विभाग, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ र न्यूनतम पारिश्रमिक निर्धारण समितिको आयोजनामा सम्पन्न 'मध्यमाञ्चल क्षेत्रीय मिडिया' भेला देहायअनुसारको सर्लाही घोषणपत्र जारी गर्दछ ।

१. नेपाल सरकारले सूचनाको हक कुण्ठित हुने गरी हालै ल्याउन लागेको कानुन सर्वोच्च अदालतको निर्णयले रोक लागेको र सरकारले फिर्ता लिएको भए पनि कुनै पनि बेला जनताको सूचनामाथि अंकुश लगाउने कानुन आउन सक्ने सम्भावना भएकाले सम्पूर्ण संचारकर्मी चनाखो हुनुपर्ने ।

२. श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकको कानुनी व्यवस्था भए पनि सरकारको स्वामित्वका संचारमाध्यममा नै यो लागू नहुनु दुःखद हो । त्यसैले सरकारी तथा अन्य सबै संचार प्रतिष्ठानले कानुनअनुसार पारिश्रमिक र रोजगारीको स्थायित्वको प्रत्याभूति गरियास साथै पारिश्रमिक रोकिएका पत्रकारहरुको पारिश्रमिक तत्काल दिलाउन पहल होस् ।

३. पत्रकारहरुले आफ्ना अधिकारका कुरा गर्दा कर्तव्यका कुरा पनि बिर्सन नहुनेमा एकमत छैन । संचारक्षेत्र जनउत्तरदायी बनाउन आचारसंहिता पालनामा स्वयं संचारकर्मीहरु गम्भीर हुनुपर्ने देखिएको छ । र आचार संहिता पालना गराउन सम्बन्धित निकायहरुको समेत गम्भीर ध्यानाकर्षण होस् ।

४. संचारकर्मीको सुरक्षामा राज्य गम्भीर नदेखिएको र ठाउँठाउँमा संचार क्षेत्रका साथीहरु आक्रमण र बाधा अवरोधको शिकार भइरहेकाले पूर्ण सुरक्षाको प्रत्याभूति दिनुपर्ने । साथै विगतमा पत्रकारहरुको हत्यामा संलग्न दोषीहरुलाई पक्राउ गरी तत्काल कारबाही शुरु गर्न माग गरिएको ।

५. विद्युत कटौतीको मारमा नेपालका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अन्य संचारमाध्यम प्रभावित भएकाले त्यस्ता माध्यमलाई इन्धनमा छुट, वैकल्पिक विद्युत संयान्त्र ल्याउन अनुदान र विद्युत कटौती मुक्त गरियोस् ।

६. संचारकर्मीको दक्षता अभिवृद्धि गर्न तालिम र वृत्ति विकासका प्रभावकारी कार्यक्रम ल्याउन यो भेला माग गर्दछ ।

७. प्रेस काउन्सिलले रेडियो, टेलिभिजन र पत्रपत्रिकाको छुट्टाछुट्टै अध्ययन गरी वर्गीकरण गर्नुपर्ने र वर्गीकरणको काम निष्पक्ष र पारदर्शी हुनुपर्ने । साथै स्थानीय संचार माध्यमको प्रवर्द्धन हुने खालको विज्ञापन नीति ल्याइनुपर्ने ।

८. देशमा समयमा नै शान्ति र संविधान ल्याउन राज्य गम्भीर नदेखिएकाले संचारकर्मीहरुले सशक्तरुपमा आफ्ना माध्यमहरुमा ध्यानाकर्षण गराउने ।

९. संचारक्षेत्रमा महिला र अन्य विभिन्न क्षेत्रको सहभागिता बढाउन सरकारी तथा अन्य सम्बन्धितन निकायले ठोस कार्यक्रम ल्याउनुपर्ने ।

१०. क्षेत्रीय मिडिया सम्मेलन सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा नेपाल पत्रकार महासंघ, सर्लाही शाखालाई धन्यवाद दिने ।